FACTSHEET
No. 04 May 2022

# कृषकको लागि तथ्य पत्र

नं. ०४ ज्येष्ठ २०७९

# गोलभेडाको फलको गवारो कीरा



## परिचय :

यो कीरा गोलभेडाको प्रमुख शत्रु कीरा हो । यसले कपास, चना, रहर, गोलभेडा लगायत १८० भन्दा वढी बिरुवाहरुमा आक्रमण गर्दछ । यो कीराले गोलभेडाको उत्पादन र गुणस्तरमा ६० प्रतिशत सम्म नोक्सानी गर्दछ । यस गोलभेंडाको गवारोलाई Tomato fruit worm (*Helicoverpa armigera*) नामबाट चिनिन्छ । गर्मि समयमा खेति गरिएको गोलभेडामा यो कीराले धेरै क्षति गर्दछ ।

## पहिचान, अनुगमन तथा क्षतिको प्रकार :

» लार्भाहरुको रंग सामान्यतया सानो छँदा हल्का हरियो भई उमेर बढ्दै जादा यिनीहरुको रंग हल्का खैरो हुन्छ (चित्र नं १) तर आहार र वासस्थान अनुसार लार्भाको रङ्ग परिवर्तन हुने गर्दछ (चित्र नं २)। लार्भाको साईज सानो देखि मध्यम आकारको (झण्डै ३-४ से.मी.) र शरीरको माथिल्लो भागमा दुबै पट्टि छेउमा बीच बीचमा मधुरो खैरा धर्साहरु र शरीरमा रौं जस्ता उपाङ्गहरु हून्छन् ।

» खैरो रंगको वयस्क पोथी पुतली (चित्र नं ३)ले फूलको वरिपरी रहेका कलिला पातहरुमा सेतो पहेंलो अण्डा पारेको २-३ दिनमा साना साना मसिना लार्भाहरु जन्मी शुरुमा कलिला मूनाहरुमा आक्रमण गर्दछन् र फल लाग्न थाले पछि चिचिला फलहरुमा आक्रमण गर्दछन (चित्र नं ४) ।

» फलहरुमा प्वाल पारी फलको भित्री भागमा गुदी खाई नोक्शानी पुर्याउँछ । शुरुमा पात तथा कलिला मुनाहरुमा छुट्टाछुट्टै पारिएका अण्डा वा ससाना लार्भाहरु, विष्टा वा मुना वा चिचिलामा स-साना प्वालहरु देखिन्छन् तथा हेलिल्युरयुक्त फनेल पासो राखी कीराको नियमित निगरानी गर्नु पर्दछ ।

## व्यवस्थापन :

» पासो वालीका रुपमा खेतवारीको बिचमा सूर्यमुखि लगाउनाले बयस्क पुतलिहरु फुल पार्न सूर्यमूखिमा आकर्षित हुन्छन् र त्यहाँ मात्र नष्ट गर्न सकिन्छ ।

» गवारोले नोक्सान गरेका फलहरु र सुकेका हागा एवं पातहरु संकलन गरी नष्ट गरिदिने ।

» रातको समयमा १-२ वटा बत्तिको पासो प्रति रोपनीको दरले समान दूरीमा पर्ने गरी प्रयोग गर्ने र पासोमा परेका पुतलीहरु जम्मा गरी नष्ट गर्ने ।

» गोलभेडा बालीमा फूल फुल्न सुरु गरेपछि गवारोको वयस्क भाले पुतलीलाई आकर्षण गरी फसाउन हेली ल्यूर युक्त पासो प्रति रोपनी जग्गामा ५ वटा को दरले प्रयोग गर्ने ।

» बेलुकीपख भाइरसयुक्त जैविक बिषादी (एच.एन.पि.भि.) १ लीटर पानीमा १ मिलिको दरले वा बि.टी.के. ३ ग्राम प्रति लिटर पानीमा घोली १० दिनको अन्तरमा २ पटक एकनाशले छर्ने ।

» क्लोरएन्ट्रानिलिप्रोल १८.५% एस.सि. १ मिलि प्रति ३ लि. पानीका दरले छर्ने वा स्पिनोस्याड ४५% एस.सि. १ मि.लि. प्रति ३ लिटर पानीका दरले वा नुभालुरोन १०% ई.सि. १ मि.लि. प्रति लिटर वा ईमामेक्टिन बेन्जोएट ५ % डब्लु.डि.जि. १ ग्राम ३ लिटर पानीका दरले छर्ने ।



चित्र नं. १ः हेलिकोभर्पाको लार्भा
श्रोतः www.plantwise.org/knowledgebank/




चित्र नं. २ः हेलिकोभर्पाको बिभिन्न रंगका लार्भाहरु
श्रोतः https://ainfo.cnptia.embrapa.br › bitstream › item




चित्र नं. ३ः बयस्क पुतली
श्रोतः www.scielo.br/img/revistas/hb/v33n1//01



चित्र नं. ४ः गोलभेंडा बालीमा हेलिकोभर्पा कीराको क्षती
श्रोतः www.scielo.br/

तयारकर्ताः
विवेक सुनार
बाली संरक्षण अधिकृत

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
केन्द्रीय कृषि प्रयोगशाला
हरिहरभवन, ललितपुर

सम्पादनः
राजिवदास राजभण्डारी
वरिष्ठ बाली संरक्षण अधिकृत

फोन नं.: ०१-५५५३७९१, E-mail: centralaglab.sspp@gmail.com, Website: www.centralaglab.gov.np